नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## प्रेश विज्ञप्ति

(मिति २०७३।१।१६)

पत्रकार तथा संचारकर्मीज्यूहरु,

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले तोकिएको म्याद भित्र सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धमा उक्त ऐनको दफा ३८ को खण्ड (ग) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ९ र १० को व्यवस्था बमोजिम अनुगमन गर्ने क्रममा यस केन्द्रबाट गत आ.व. २०७२।७३ को सम्पत्ति विवरण अनुगमन गरी तोकिएको म्याद भित्र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरुको संक्षिप्त विवरण सम्बन्धित सबैको जानकारीको लागि प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।

### सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी कानूनी व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा प्रत्येक सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको सम्पत्तिको अद्यावधिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र प्रत्येक वर्ष नेपाल सरकारले तोकेको निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । सो म्याद भित्र सम्पत्ति विवरण पेश गर्न नसकेको व्यक्तिले मनासिब कारण सहित म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा तीस (३०) दिन सम्मको म्याद थप दिन सक्ने व्यवस्था समेत उक्त ऐनले गरेको छ । यसरी थप गरिएको म्याद भित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई पाँच हजार रुपैंयाँ जरीवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने कानुनी प्रावधान छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(ग) मा उल्लेख भए अनुसार राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारहरु मध्ये सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्नु पनि पर्दछ। त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ९ र १० मा केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमित रुपमा सम्पत्ति विवरण पेश गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्दा कुनै व्यक्तिले सम्पत्ति विवरण पेश गरेको नदेखिएमा केन्द्रले त्यस्तो व्यक्ति उपर ऐनको दफा ५०(३) बमोजिम कारवाही गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाउन सक्ने व्यवस्था समेत रहेको छ ।

आ.व. २०७२।७३ मा सम्पत्ति विवरण वुझाउने/समय पश्चात वुझाउने र नवुझाउनेको विवरण यस प्रकार रहेको छ ।

| सि.न. | निकाय | समय भित्र सम्पति विवरण वुझाउने | पश्चात बुझाउने | नवुझाउने | जम्मा संख्या | नवुझाउने प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | निजामती | ७८०२८ | ८६ | ४४१६ | ८२५३० | ५.३५ |
| २ | शिक्षक | ७२५०७ | ० | १०२१५ | ८२७२२ | १२.३४ |
| ३ | सैनिक | ८९४७३ | ० | २६१३ | ९२०८६ | २.८३ |
| ४ | प्रहरी | ९५९९७ | ३६ | ४९२ | ९६५२५ | ०.५० |
| ५ | अन्यः | ७६७९६ | २५८० | १४७७ | ८०८५३ | १.८२ |
| | जम्मा | ४१२८०१ | २७०२ | १९२१३ | ४३४७१६ | ४.४१ |

निजामती, शिक्षक, सैनिक र प्रहरी वाहेक अन्यः (माथि उल्लेख भएको ५ नं। सार्वजनिक पद धारण गरेका संघ/संस्थान/समिति/आयोग लगायत निकायहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुको निकायगत विवरण यस प्रकार रहेको छ ।

**विभिन्न मन्त्रालय निकायवाट प्राप्त तोकिएको समयमा सम्पति/विवरण वुझाउने, पश्चात वुझाउने र नवुझाउनेको विवरण**

| निकाय | समयमा वुझाउने | म्याद पश्चात वुझाउने | नवुझाउने | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| राष्ट्रपति उपराष्ट्रपतिको/कार्यालय | ५७ | ० | ० | ५७ | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७१ | ३३ | ० | ४०४ | |
| व्यवस्थापिका संसद सचिवालय | ५२८ | १४ | १६ | ५५८ | |
| परराष्ट्र मन्त्रालय | ११६ | ० | ० | ११६ | |
| गृह मन्त्रालय | २० | २४६ | ० | २६६ | |
| शिक्षा मन्त्रालय | १४०४६ | १२१४ | ३४५ | १५६०५ | |
| अर्थ मन्त्रालय | १९७९ | २ | ४ | १९८५ | |
| उद्योग मन्त्रालय | २००६ | ० | २ | २००८ | |
| श्रम तथा रोजगार मन्त्रालय | ३२६ | ० | ० | ३२६ | |
| जनसंख्या तथा वातावरण मन्त्रालय | ५९ | १ | ० | ६० | |
| पशुपंक्षी विकास मन्त्रालय | १३७४ | ० | ० | १३७४ | |
| सहकारी तथा गरिबी निवारण मन्त्रालय | २७९ | २ | ७ | २८८ | |
| सामान्य प्रशासन मन्त्रालय | ४०६ | ० | ० | ४०६ | |
| सिंचाइ मन्त्रालय | ८५० | ३१ | १८२ | १०६३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार मन्त्रालय | ५९०४ | १ | ३० | ५९३५ | |
| स्वास्थ्य मन्त्रालय | ३२०९ | २३३ | ० | ३४४२ | |
| कृषि विकास मन्त्रालय | १८४८ | ० | २९ | १८७७ | |
| वाणिज्य मन्त्रालय | ११६ | ३६ | ० | १५२ | |
| आपूर्ति मन्त्रालय | १०३१ | १६२ | ० | ११९३ | |
| खानेपानी तथा सरसफाई मन्त्रालय | २०५८ | ० | १ | २०५९ | |
| भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ४५१ | ० | ० | ४५१ | |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १६३ | ० | ० | १६३ | |
| महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | २३७ | १५ | ० | २५२ | |
| युवा तथा खेलकूद मन्त्रालय | २६० | ० | ० | २६० | |
| वन तथा भूसंरक्षण मन्त्रालय | २८७ | ० | ० | २८७ | |
| विज्ञान तथा प्रविधि मन्त्रालय | २३९ | ० | ० | २३९ | |
| संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८९३ | ८३ | ४७ | ३०२३ | |
| उर्जा मन्त्रालय | ७८५४ | ७ | १२४ | ७९८५ | |
| कानून ,न्याय तथा संसदिय मामिला मन्त्रालय | ५६ | ० | ० | ५६ | |
| सहरी विकास मन्त्रालय | १५३५ | ३०३ | ० | १८३८ | |
| शान्ति तथा पुन: निर्माण मन्त्रालय | १२३ | ० | ० | १२३ | |
| सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १८०८९ | ९७ | ६९० | १८८७६ | |
| राष्ट्रिय सतर्कता केन्द्र | २६ | ० | ० | २६ | |
| कूल जम्मा: | ७६७९६ | २५८० | १४७७ | ८०८५३ | |

## आ.व. २०७१।७२ र आ.व. २०७२।७३ को सम्पत्ति विवरणको तुलनात्मक तालिका

| | आ.व. २०७२।७३ | | | | | आ.व. २०७१।७२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निकाय | समयमा बुझाउने | पश्चात बुझाउने | नबुझाउने | जम्मा संख्या | नबुझाउने प्रतिशत | समयमा बुझाउने | पश्चात बुझाउने | नबुझाउने | जम्मा संख्या | नबुझाउने प्रतिशत |
| निजामती | ७८०२८ | ८६ | ४४१६ | ८२५३० | ५.३५ | ६६३०६ | १०१६ | ६७४१ | ७४०६३ | ९.१० |
| शिक्षक | ७२५०७ | ० | १०२१५ | ८२७२२ | १२.३४ | ६५९४८ | ० | ११२६८ | ७७२१६ | १४.५९ |
| सैनिक | ८९४७३ | ० | २६१३ | ९२०८६ | २.८३ | ८९९३४ | ० | २३८८ | ९२३२२ | २.५८ |
| प्रहरी | ९५९९७ | ३६ | ४९२ | ९६५२५ | ०.५० | ६१४७५ | १८ | १४९ | ६१६४२ | ०.२४ |
| अन्य: | ७६७९६ | २५८० | १४७७ | ८०८५३ | १.८२ | ५३०६८ | ४८२ | २३१४ | ५५८६४ | ४.१४ |
| जम्मा: | ४१२८०१ | २७०२ | १९२१३ | ४३४७१६ | ४.४१ | ३३६७३१ | १५१६ | २२८६० | ३६११०७ | ६.३३ |

आ.व. २०७१।७२ मा सम्पत्ति विवरण बुझाउने/समय पश्चात बुझाउने र नबुझाउनेको संख्या ३६११०७ रहेकोमा आ.व. २०७२।७३ मा ४३४७१६ को विवरण प्राप्त भएको छ । आ.व. २०७१।७२ मा भन्दा आ.व. २०७२।७३ मा ७६०७० थप विवरण प्राप्त भएको छ । आ.व. २०७१।७२ मा सम्पत्ति विवरण नबुझाउनेको प्रतिशत ६.३३ रहेकोमा आ.व. २०७२।७३ मा सो घटेर ४.४१ प्रतिशत रहेको देखिन्छ (गत आ.व. २०७१।७२ मा भन्दा आ.व. २०७२।७३ मा १.९२ प्रतिशत बढी पदाधिकारी/कर्मचारीहरुले सम्पत्ति विवरण बुझाएको देखिन्छ। ।

२०७३।८।१५

(विष्णुराज लामिछाने)

सह-सचिव

(प्रवक्ता)

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाण्डौं ।

धन्यवाद ।